## कालीमाटी गाउँ कार्यपालिकाको ५ औं बैठक

आज मिति २०८१।८।०९ गते आइतबारका दिन विहान ११.०० बजे कालिमाटी गाउँपालिकाक अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुक उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भई देहाय बमोजिमक निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्कबहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | तिल कुमारी |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | श्री दीप बहादुर वली | एमआइएस अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. IEE को मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण तथा स्वीकृत सम्बन्धमा ।

३. कालिमाटी मेला र खैरेनी मेला व्यवस्थापन सम्बन्धमा ।

४. राष्ट्रपति रनिङशिल्डको भुक्तानी सम्बन्धमा ।

५. सडक मर्मतको भुक्तानी सम्बन्धमा ।

६. कर्मचारी तथा जनप्रतिनिधिहरुको अभिमुखीकरण सम्बन्धमा ।

७. कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको चौथो बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

कालिमाटी गाउँपालिका क्षेत्रभित्र शारदा नदी तथा बबई नदीमा रहेका ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन तथा संकलन गर्नको लागि सार्प रिसर्च सेन्टर प्रा.ली. काठमाडौंले तयार पारी प्रस्तुत गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

धान्यपूर्णिको अवसरमा पौराणिक तथा धार्मिक कालिमाटी मेला आयोजना हुने भएकाले कालिमाटी मेला व्यवस्थापनको लागि रु ३ लाख र खैरेनी मेला व्यवस्थापनको लागि रु ५५ हजार खेलकुद शीर्षकबाट भुक्तानी हुने गरी तपसिल बमोजिमको कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्षेत्र | क्रियाकलाप |
|---|---|
| पालिकास्तरीय भलिवल | • पालिकास्तरीय भलिवल प्रतियोगिता मिति २०८१/०८/२६ देखि २८ सम्म संचालन गर्ने |

| | |
|---|---|
| प्रतियोगिता | • प्रथम पुरुस्कार रु ५० हजार द्धितीय पुरस्कार रु ३५ हजार र तृ[illegible] पुरस्कार रु २० हजार गरी जम्मा रु १ लाख ५ हजार<br>• दर्ता शुल्क रु ५०० लिने<br>• विजेताहरुलाई पुरस्कार उपलब्ध गराएवापत करकट्टी नगर्ने<br>• भलिवल खेल संचालन तथा व्यवस्थापनको लागि श्री दिप बहादु[illegible] वलीलाई जिम्मेवारी प्रदान गर्ने |
| वडा नं. ७ र वडा नं. ६ का खेलाडीहरु | • कालिमाटी गाउँपालिका वडा नं. ७ र वडा नं. ६ भौगोलिक रुपम[illegible] टाढा भएकाले खेलाडीहरु सहभागि भएवापत खानाखाजा वापत वडा नं. ७. लाई रु १२ हजार र वडा नं. ६ लाई १० हजार खेलकुद शीर्षकबाट उपलब्ध गराउने |
| इलाका प्रहरी कार्यालय रामपुर | • मिति २०८१/०८/३० गते पूर्णिमाको दिन बोका बली दिनको लागि बोका खरिद गर्न रु १२ हजार र मेला अवधिभर सुरक्षा व्यवस्थापन खटनपटन तथा खाना खाजाको लागि रु १८ हजार उपलब्ध गराउने |
| मन्दिर व्यवस्थापन | • मिति २०८१ मंसिर २९ गते देखि पुष १ गते अर्थात मंसिर शुक्ल चतुर्दशी, पूर्णिमा र प्रतिपदाको दिन सम्मको मन्दिर व्यवस्थापन र उक्त मेलाको कर र उक्त समयको पुजारी खर्च तथा कर्मचारी खर्च स्वयं वोलपत्र दाताले व्यहोर्ने गरी) न्युन्तम अंक रु १,५०,०००। (एक लाख पचास हजार रुपैयाँ मात्र ) कायम गरी वोलपत्र बढाबढको लागि ७ दिनको समय दिई सुचना प्रकाशन गर्ने ।<br>• मन्दिरमा ध्वजापताका लगाउनको लागि श्री प्रदिप कुमार खत्रीलाई जिम्मेवारी प्रदान गर्ने |
| मेलाक्षेत्र | • मेला अवधिभर मेला क्षेत्रको खानेपानी, शौचालय र सरसफाई व्यवस्थापनको लागि वडा नं. ३ लाई जिम्मेवारी प्रदान गर्ने |

निर्णय प्रमाणित

**निर्णय नं. ४**

खेलकुद विकास समिति सल्यानले आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि रु ४०,०००।- (अक्षरुपी चालिस हजार) रकम खेलकुद शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

कालिमाटी गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको मर्मत तथा सोरसारको काम सम्पन्न भएका सडकहरुको भुक्तानीको लागि प्राविधिक प्रतिवेदन र मूल्याङ्कन तथा वडाको सिफारिस बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिमाटी गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कर्णाली प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा १३६ बमोजिम संघीय लोकसेवा आयोगको कार्यालयबाट सिफारिस भई नेपालका विभिन्न स्थानीय तहमा नियुक्त कर्मचारीहरुको दोहोरो सहमतिको आधारमा यस गाउँपालिकामा रिक्त रहेको दरवन्दीमा काज सरुवा भई आएका तपसिल बमोजिमका कर्मचारीहरुलाई पदस्थापनका लागि सहमति दिने र बाँकी कर्मचारीहरुलाई दरवन्दी कायम रहेको कार्यालयमा काज फिर्ता गर्ने निर्णय गरियो

निर्णय नं. 6 बुदामा मेरो असहमति छ मेरो सहमत छैन।

**पदस्थापनाका लागि सहमति गरी पठाइएका कर्मचारीहरु :-**

**तपसिल**

| क्र.सं. | कर्मचारीको नाम | पद | साविकको कार्यालय |
|---|---|---|---|
| १ | श्री जयराम घर्ती | अधिकृत छैठौं | जुनीचाँदे गाउँपालिका जाजरकोट |
| २ | श्री एकलाल राना | लेखापाल | हिमाली गाउँपालिका बाजुरा |
| ३ | श्री कुलमान वली | सहायक चौथो | साँफेबगर नगरपालिका अछाम |
| ४ | श्री सन्तोष सिंह | खा.प.स.टे | आमचोक गाउँपालिका भोजपुर |

निर्णय प्रमाणित

काज फिर्ता गरिएका कर्मचारीहरुको विवरण :-

तपसिल

| क.स | कर्मचारीको नाम थर | पद | दरवन्दी कायम रहेको कार्यालय |
|---|---|---|---|
| १ | श्री भरत कुमार चन्द | अधिकृत छैठौं (शिक्षा) | सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा |
| २ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं (प्रशासन) | नलगाड नगरपालिका, जाजरकोट |
| ३ | श्री सुनिता महतारा | प्राविधिक सहायक (पाँचौ) | थवाङ गाउँपालिका रोल्पा |
| ४ | श्री डबल सेजुवाल | सबसहायक इन्जिनियर (पाँचौ) | दिग्तेल रुपाकोट मझुवागढी नगरपालिका खोटाङ |
| ५ | श्री रितु के.सी. तिमिल्सेना | स.म.वि.नि. (चौथो) | रुन्टीगढी गाउँपालिका रोल्पा |

निर्णय नं. ८

क. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको लागि पालिकास्तरीय कार्यक्रम संचालन गर्न रु २५ हजार र वडास्तरीय कार्यक्रम संचालन गर्नको लागि प्रति वडा रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

ख. वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कला संस्कृति शीर्षक रु ५ लाख र सार्वजनिक सुनाई शीर्षक रु ५ लाख रकम आन्तरिक स्रोतमा रहेकाले सो रकमलाई भैपरी चालु शीर्षकबाट खर्च हुने गरी स्रोत मिलान गर्ने निर्णय गरियो ।

ग. कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित शारदा जनकल्याण माध्यामिक विद्यालय रामपुरमा सितोरियो कराँते खेल संचालन गर्न प्रशिक्षक पारिश्रमिकको लागि खेलकुद कार्यक्रम शीर्षकबाट रु १,००,०००।- (अक्षरुपी एकलाख) विद्यालयलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित